# Vermont Economic Recovery Grant Document Preparation FAQ
# भर्मन्ट आर्थिक सुधार अनुदान दस्तावेज तैयारी सम्बन्धि बारम्बार सोधिने प्रश्नहरु:



**Return to VTPFD's Vermont Economic Recovery Grants page.**

**भी. टि. पी. एफ. डी. (VTPFD) को भर्मन्ट आर्थिक सुधार अनुदानको पन्नामा फर्कनुहोस।**

**Download a PDF file of this information.**

**यो जानकारीको लागी पी. डी. एफ. (PDF) फाइल डाउनलोड गर्नुहोस।**

## Preparing Your Application Documents
## तपाईको निवेदनको लागी कागजपत्रहरुको तैयारी

### What is an income statement?
### आम्दानी विवरण के हो?

आम्दानी विवरणले, जसलाई नाफा/नोक्सान वा पी & एल (P&L) वा राजश्व/खर्च विवरण पनि भनिन्छ, १) खर्च/छुट नजोडी राजश्व/बिक्रि देखाउंछ र २) एउटा निश्चित समय भित्र भएको व्यापार/व्यवशायको खर्चहरु/छुटहरु देखाउंछ। राजश्वबाट खर्च घटाउँदा एउटा निश्चित समय भित्र भएको व्यापार/व्यवशायको कूल नाफा/नोक्सान पाइन्छ। आम्दानी विवरण, किनबेच हुँदा पुरै पैसा तिरिएको (क्याशमा आधारित) वा किनबेच भएको तर रकम भुक्तानी भै नहालेको अवस्थामा (अक्क्रुवलमा आधारित विवरण) आधारित हुनु पर्दछ। तपाईं आम्दानी विवरण तयार गर्दा लेखा सफ्टवेर वा स्प्रेडशिटहरु वा अन्य कुनै प्रोग्राम प्रयोग गर्न सक्नु हुन्छ।

कुन प्रोग्राम  प्रयोग गर्नु भयो भन्नेले त्यति महत्व राख्दैन जति कुन तरिका प्रयोग गर्नु भयो भन्नेले राख्छ।

यस्तो तरिका प्रयोग गर्नुहोस जहाँ राजश्व पहिले, खर्च बिचमा र कूल नाफा/नोक्सान अन्त्यमा हुन्छ।

उदाहरणको लागी:

**क ख ग कम्पनी**
**नाफा/नोक्सानको लेखा**
**२०१३**

| | | |
|---|---|---|
| **आमदानी** | | |
| | **बिक्रि** | **१०००** |
| | **बिकेको सामानको मूल्य** | **५००** |
| | **कूल नाफा** | **५००** |
| **खर्च** | | |
| | **लेखा** | **७५** |
| | **कार्यालयको सरसामान** | **२००** |
| | **कूल खर्च** | **२७५** |
| | **कूल आमदानी** | **२२५** |

### How do I create a monthly income statement?
### म कसरी मासिक आम्दानी विवकोरण तयार गर्न सक्छु?

स्वीकार्य ढाँचाको लागि माथिको तरिका हेर्नुहोस। एउटा आमदानी विवरणमा धेरै समय अवधिहरु - जस्तै १२ महिना देखाउन सकिन्छ जबसम्म हरेक उस्तै खाले समय आवधिहरुको परिच्छेद तेर्सो लाइनमा लेखिएको हुन्छ जहाँ जम्मै समय आवधिहरुको कूल रकमको परिच्छेद विवरण सबै भन्दा दाहिने पट्टि राखिएको हुनु पर्दछ ।

अन्ततः १२-महिने आमदानी विवरणमा १३ वटा परिच्छेदहरु हुनेछ: जनवरी, फरवरी, मार्च गर्दै दिसम्बर साथै जम्मै १२ महिनाको कूल रकमको एउटा परिच्छेद।

### What is a cash basis versus an accrual basis report?

### एक नगदमा आधारित र एक अर्जितमा आधारित रिपोर्टहरुको  भिन्नता के हो ?

नगदमा आधारित विवरण भनेको के हो भने राजश्व आम्दानीमा गनिन्छ जब राजश्व/रकम पाइन्छ। अर्जित आधारित विवरण चैं राजश्व त्यतिनै बखत आम्दानीमा गनिन्छ जब बिक्रीको चलानी ग्राहकलाई काटिन्छ। चलानी काटदैमा राजश्व भुक्तानी नभएको पनि हुन पनि सक्छ। नगदमा आधारित विवरण अन्तर्गत खर्च हुने बित्तिकै त्यो खर्च आम्दानी विवरणमा लेखिन्छ र अर्जितमा आधारित विवरण अन्तर्गत खर्च भएको तर त्यसको राजश्व/रकम भुक्तानी नगरिहालेको खर्च लेखिन्छ।

## My business is an LLC.  How do I know if I am a sole-proprietor?
## मेरो व्यवसाय एक ‘एलएलसी’ हो।  कसरी म मात्रै यसको एक्लो मालिक हुँ भनेर थाहा पाउने?

यो जान्ने सबै भन्दा सजिलो तरिका  चैं पछिल्लो पल्ट तपाईले आफ्नो व्यापारको बुझाएको कर फिर्ती विवरण हेर्नु हो। यदि तपाईको व्यवसाय फारम १०४० को दफा  ‘ग’ मा दर्शाईएको छ भने तपाईको एल एल सी (सिमित भारको कम्पनी) एकल स्वामित्वको कम्पनी हो।

### What is an FEIN or EIN?
## एफ इ आइ एन (FEIN) वा इ आइ एन (EIN) भनेको के हो?

एफ इ आइ एन (FEIN) जसलाई इ आइ एन (EIN) पनि भन्ने गरिन्छ त्यो संघीय रोजगारदाता पहिचान संख्या हो।  यो संख्याले व्यापार/व्यवशायलाई पहिचान गर्दछ।  कुनै बखत यो संख्या व्यापारले कर्मचारी खटाउँदा चाहिन्छ। धैरै जसो व्यापारका मालिकहरुले एफ इ आइ एन (FEIN) को लागी आवेदन आफ्नो सामाजिक सुरक्षा संख्या (SSN) अरुलाई दिन नपरोस भन्ने हेतुले गर्छन।   यदि तपाईको मुख्य व्यापार अमेरिका वा अमेरिकी क्षेत्र भित्र छ भने तपाईं ले irs.gov मा गई एफ इ आइ एन (FEIN)का लागी आवेदन दिन सक्नु हुन्छ।  जसले एफ इ आइ एन (FEIN)को आवेदन अनलाइन भर्छ उसको सहि करदाता पहिचान संख्या ( एस एस एन , आई टि आई एन , इ आइ एन ) हुनै पर्छ। तपाईको आवेदन स्वीकृत भए, आवेदन फारम भरिसकने बित्तिकै तपाईलाई एफ इ आइ एन (FEIN) प्रदान गरिनेछ।  आन्तरिक राजश्व सेवा ले प्रदान गरेको एफ इ आइ एन (FEIN) पत्र नहराई कन राक्नु जरुरि हुन्छ।

## Should I get an EIN if I have previously reported my business under my social security number (SSN)?

## पहिले मैले मेरो व्यापार/व्यवशाय मेरो  सामाजिक सुरक्षा संख्या (एस एस एन SSN) अन्तर्गत राखेको भए पनि के मैले (इआइएन) लिन जरुरि हुन्छ ?

भर्मन्ट आकष्मिक आर्थिक सुधार अनुदानका आवेदकले आवेदनको क्रममा इ आइ एन (EIN) दिएको हुनु पर्दछ।  त्यस कारणले आन्तरिक राजश्व सेवाबाट **एफ इ आइ एन (FEIN)** पाउँनको लागी आवेदन दिन सहि हुन्छ यदि तपाईको व्यापार/व्यवशाय यसको लागी योग्य छ भने।

### What is a W9?  एक डब्लु -९ (W-9) के हो?

विक्रेता, ग्राहक, वित्तिय संस्था, सरकारी निकाय/नियोग, वा अन्य कुनै ज्ञात लेखा खाता वा व्यापारिक साझेदारहरुलाई तपाईको करदाता पहिचान संख्या सम्बन्धि जानकारी दिन आन्तरिक राजश्व सेवाको एक पन्ने फारम डब्लु -९ (W9) प्रयोग गरिन्छ।  यो फारम तपाईले तयार पारेको हुन्छ र  जसले मागेको हो, उसलाई दिइन्छ।  फारम डब्लु-९ मा भएको जानकारी, लेखा खाता खोल्दा र/वा आम्दानी प्रतिवेदन  वा त्यो वर्षमा अन्य प्रकारको तपाईलाई भएको भुक्तानीको जानकारी मागेको खण्डमा, फारम डब्लु-९ मा भएको जानकारी प्रोयोग गरिन्छ। तपाईले आफ्नो एफ इ आइ एन (FEIN), आइ आर एस (आन्तरिक राजश्व सेवा IRS) मा दर्ता गरेको नाम, करका लागी तपाईको व्यवशाय/व्यापारको प्रकार र व्यवशाय/व्यापारको हुलाकी ठेगाना जानी राख्नु पर्छ।

**What is a NAICS code? Where do I find mine?**
**एन ए आइ सी एस (NCAIS) कोड के हो? मेरो एन ए आइ सी एस (NCAIS) कोड कहाँ पाउँन सक्छु?**

उत्तरी अमेरिकी उद्योग वर्गीकरण प्रणाली (एनएआईसीएस) संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोमा उद्योग द्वारा व्यवसायलाई वर्गीकृत गर्न प्रयोग गरिन्छ। प्रत्येक व्यवसायले यसको लागि ६ -अंकको एनएआईसीएस कोड नम्बर व्यवसायमा बहुमत गतिविधिहरुका आधारमा निर्धारण गर्दछ। जब तपाई आफ्नो संघीय आय कर फाइल गर्नुहुन्छ, तपाईले एक "व्यापार कोड" प्रदान गर्नुहुन्छ जुन (एनएआईसीएस) नम्बरमा आधारित हुन्छ र तपाईको व्यापार कर फाइल गर्नको लागि जानकारीमा ती कोडहरूको तालिका समावेश हुन्छ। गैर-लाभकरी संस्थाहरुको उपयुक्त एन ए आइ सी एस (NCAIS कोड नहुन सक्छ र ए सी सी डी (ACCD) अनुसार ती संस्थाहरुलाई सो बाट छुट छ। । व्यापार/व्यवशायहरुले आफुलाई लागु हुने कर फारममा आफ्नो कोड प्राय जसो निम्न स्थानमा पाउन सक्छन : एकल स्वामित्व (सोल प्रोप्राइटर) फारम १०४० दफा ग, पंक्ति ख; एस निगम (एस कोर्पोरेसन) फारम ११२०एस पंक्ति ख; साझेदारी (पार्टनरशिप) फारम १०६५ पंक्ति ग।

**What does the “50% or greater drop in total revenue” requirement mean?**
**"कूल राजश्वमा ५०% वा त्यो भन्दा अधिक गिरावट" को आवश्यकता भन्नाले के बुझिन्छ?**

कला-कृति र सांस्कृतिक संगठन, बाहिरि मनोरंजनका व्यवशायहरु, र महिला वा अन्ल्पसंख्यक समुदायका व्यक्ति मालिक भएको व्यवशायहरुले अनुदान पाउँन मार्च १, २०२० देखि अगष्ट ३१,२०२० मा २०१९को त्यहि समयमा भएको राजश्वको तुलना मा ५०% गिरावट भएको प्रदर्शन गर्नुपर्छ। व्यापार/व्यवशायहरुले मार्च, एप्रिल, मे वा जुन मध्ये कुनै एक महिनामा यो घाटा भएको पुष्ठी मासिक आम्दानी प्रतिवेदन अपलोड गरी गर्नु पर्दछ।

**Do I need to keep track of how I spend the grant money?**
**अनुदानको रकम कसरी चलाईयो भनेर हिसाब किताब राख्नु पर्छ ?**

पर्छ। तपाई आफैले यो कार्यक्रमको सम्पूर्ण मापदण्ड पुरा भएको र अनुदानको रकम उपयुक्त कार्यमा खर्च गर्ने साथै अन्य कुनै कोभिड-१९ प्रकोप सहयोग कार्यक्रममा समावेश भईसकेको खर्च यस अनुदान रकमबाट नगर्ने प्रमाणित गर्नु भएको छ। तपाईंले पाउँनु भएको अनुदानको लेखा परिक्षा भएमा असल हिसाब किताब सधैं राख्ने बानीले अत्यन्तै महत्पूर्ण सहयोग गर्न सक्छ र यसले तपाईंको व्यापार पुर्नास्थामित गर्ने प्रयाशमा सहयोग गर्न सक्छ। तपाईंको सम्पूर्ण खर्चको रशिदको कपि र त्यो खर्च के मा भएको हो भन्ने विवरण राखी राख्नु होला ।

**Do I have to be a citizen?**
**के म नागरिक हुनै पर्छ?**

पर्दैन। यो अनुदानको लागी योग्य हुन तपाई नागरिक हुन पर्दैन। अनुदानको लागी योग्यता तपाईको व्यवशायको स्थानले निर्धारण गर्छ। तपाईको व्यापार / व्यवशाय भर्मन्टमा “अधिवासित” हुनुपर्दछ ( भर्मन्टमा पंजीकृत भइ यहाँ कर तिर्ने) वा भर्मन्टमा मुख्यतय व्यापार गर्ने हुनु पर्दछ।

**How do they know I’m a ‘woman’ or ‘minority’ owning a business?**
**म, 'महिला' वा 'अन्पसंख्यक' व्यापार/व्यवशाय धनि हो भनेर वहाँहरुले कसरी थाहा पाउँछन ?**

यो अनुदान कार्यक्रमको लागी तपाई योग्य हुनुहुन्छ भनि तपाई आफैले प्रमाणित गर्नु हुन्छ। यो अनुदान कार्यक्रमले भर्मन्ट प्रशाशन एजेन्सीको भवन तथा साधारण सेवाका शर्तहरु लागु गर्दछ वा मान्नु पर्दछ। यदि तपाई महिला वा अश्वेत, जनजाति , वा रंग भएका समुदायका व्यक्ति (BIPOC) हुँ भनि आफैलाई पहिचान गर्नु हुन्छ भने, तपाई यस्ता अनुदानहरुका लागी योग्य हुन सक्नु हुन्छ।

**I have more questions about getting prepared**
**तयार हुने विषयमा मेरो अझ बढी प्रश्नहरु छन्।**

आइतबार ७/५/२०२० - बिहिबार ७/९/२०२० मा अनलाइन प्रतक्ष सहयोग सत्रमा सहभागी हुनुहोस। यो सत्रको लिंक यहाँ छ। यी सत्रहरुमा कसरी डब्लु-९ भर्ने, आम्दानी प्रतिवेदन कसरी तयार पार्ने, तपाईको एन ए आइ सी एस (NCAIS) खोज्ने, र तपाई को इ आइ एन (EIN) जस्ता कार्यमा सहयोग पाउँन सक्नुहुन्छ। info.vermont@cweonine.org मा इमेल गरी व्यापार परामर्शदाता को सहयोग पाउँन सक्नु हुन्छ।

अन्य विभिन्न प्रकारका अनुदानहरु जसमा तपाई योग्य हुन सक्नु हुन्छ, ती बारे जानकारी पाउँन **भर्मन्ट वाणिज्य तथा समुदाय विकाश एजेन्सी** (भरमन्ट एजेन्सी अफ कमर्स एण्ड कम्मुनिटी देभ्लोप्मेंट ACCD) र **भर्मन्ट कर विभाग** (भरमन्ट डीपार्टमेन्ट अफ टैक्स) को वेबसाइट हेर्नु होला।

**महिला तथा अल्पसंख्यक समुदायका व्यक्तिले संचालन गरेको व्यापारले पाउँने अनुदान एच.९६६ (H.966) साझेदारहरु मार्फत सम्भव भएको हो।**